# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सार्वजनिक निजी साझेदारी इकाई
न्युरोड, पोखरा, कास्की

# सार्वजनिक निजी साझेदारीमा कार्य गर्नको लागि प्रस्ताव आह्वानको सूचना

*(सूचना प्रकाशन मिति : २०७६/०२/२१)*

१. पोखरा महानगरपालिका अन्तर्गत सार्वजनिक–निजी साझेदारी (सानिसा) ईकाइ बाट मिति २०७५/११/२० गते मनसायपत्र आव्हान गरिए बमोजिम प्राप्त मनसायपत्रहरुमा यस ईकाइबाट मूल्याकन भई सूचिकृत भएका देहायका कम्पनी तथा व्यक्तिहरुबाट सार्वजनिक–निजी साझेदारी ऐन, २०७५ को दफा १९ तथा सार्वजनिक–निजी साझेदारी नियमावली, २०७५ को नियम १२ को उपनियम (१) बमोजिम तोकिएका शर्तहरुको अधिनमा रहि **प्रस्तावपत्र** पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

२. प्रस्ताव आव्हान सम्बन्धी कागजात पोखरा महानगरपालिकाको कार्यालय, सानिसा ईकाइबाट मिति २०७६/०४/०२ गते कार्यालय समय भित्र रु ३०००/- (फिर्ता नहुने) तिरि खरिद गर्न सकिनेछ । प्रस्ताव पेश गर्ने अन्तिम मिति २०७६/०४/०३ गते दिनको १२:०० बजेसम्म रहनेछ । प्राप्त प्रस्तावहरु सोही दिन १:०० बजे खोलिनेछ ।

३. प्रस्ताव मुल्यांकनका आधारहरु, साझेदारीका शर्तहरु तथा अन्य यस सम्बन्धि जानकारीहरु प्रस्ताव आव्हान सम्बन्धि कागजातमा उल्लेख गरिएको छ । प्रस्ताव आव्हान सम्बन्धि कागजातहरु यस कार्यालयको वेबसाईट www.pokharamun.gov.np मा पनि हेर्न सकिनेछ । प्रस्ताव मुल्यांकनका लागि कूल एक सय अङ्कलाई पूर्णाङ्क मानी सो अङ्कलाई देहायको आधारमा विभाजन गरिनेछ ।
(क) प्राविधिक क्षमता वापत - ५० (पचास) अङ्क
(ख) आर्थिक क्षमता वापत - ५० (पचास) अङ्क

४. यस सुचनामा उल्लेख नभएका अन्य विषयहरु प्रस्ताव आव्हान सम्बन्धि कागजात तथा पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन २०७५ तथा नियमावली २०७५ मा उल्लेख भए अनुसार हुनेछ ।

५. समयसिमा नाघी प्राप्त भएका तथा कुनै शर्तहरु राखि पेश भएका प्रस्तावहरु मान्य हुने छैनन । साथै कुनै प्रस्ताव पुर्ण वा आंशिकरुपमा स्विकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

**तपसिल**

| क्र.सं. | प्रस्ताव पत्र नं. | आयोजनाको नाम तथा मनसायपत्र स्विकृत भएको कम्पनी/व्यक्तिको विवरण |
|---|---|---|
| १. | १/सानिसा/प्रस्तावपत्र/०७५-०७६ | **सराङ्कोट पर्यटन पूर्वाधार विकास आयोजनाः** <br> क) अन्नपूर्ण केवलकार प्रा.लि., पोखरा <br> ख) पर्वतमाला कन्स्ट्रक्सन प्रा.लि, पोखरा |
| २. | २/सानिसा/प्रस्तावपत्र/०७५-०७६ | **सेती खोंच (Seti Gorge) पर्यटन पूर्वाधार विकास आयोजनाः** <br> क) सेती क्यानोइङ्ग प्रा.लि, पोखरा <br> ख) भावा राजभण्डारी, तनहुँ |
| ३. | ३/सानिसा/प्रस्तावपत्र/०७५-०७६ | **पाताले छाँगोमा शिसापुल निर्माण तथा अन्य पूर्वाधार विकास आयोजनाः** <br> क) वन्डर्स नेपाल तथा सितारा कन्सल्ट प्रा.लि, काठमाण्डौं <br> ख) सेती क्यानोइङ्ग प्रा.लि, पोखरा |
| ४. | ४.१/सानिसा/प्रस्तावपत्र/०७५-०७६ | **फेवातालमा Water Sport संचालन कार्यः** <br> क) वाटर ईको फ्रेन्डली साईडसिन प्रा.लि., पोखरा <br> ख) होटल ब्लु म्याग्नेट एण्ड मल्टिपर्पोज , पोखरा <br> ग) अतिथि रिसोर्ट एण्ड स्पा, पोखरा <br> घ) राजधानी रिक्रियसन्स प्रा.लि., ललितपुर <br> ङ) ए एण्ड बि इन्टरटेनमेण्ट प्रा.लि, काठमाडौं <br> च) एभरेष्ट क्रियु प्रा.लि., काठमाडौं |
| ५. | ४.२/सानिसा/प्रस्तावपत्र/०७५-०७६ | **बेगनासतालमा Water Sport संचालन कार्यः** <br> क) वेगनास एडभेन्चर प्रा.लि, पोखरा <br> ख) होटल ब्लु म्याग्नेट एण्ड मल्टिपर्पोज , पोखरा <br> ग) ए एण्ड बि इन्टरटेनमेण्ट प्रा.लि, काठमाडौं |
| ६. | ०५/सानिसा/प्रस्तावपत्र/०७५-०७६ | **महानगर क्षेत्र भित्र होर्डिङ्गबोर्ड व्यवस्थापन कार्यः** <br> क) आकृती एडभरटाईजिङ्ग, विराटनगर <br> ख) परिचय एडभरटाईजिङ्ग, पोखरा <br> ग) वतास एसोसिएट्स प्रा.लि. र फेवा कन्स्ट्रक्सन जे.भि., पोखरा <br> घ) न्यू डिजिटल मिडिया प्रा. लि, ललितपुर <br> ङ) नेपाल मिडिया प्रा.लि., ललितपुर |

**प्रमुख प्रशासकिय अधिकृत**